नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(................................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति : ....................................

# प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यूले मिति २०७३/०४/२३ गतेका दिन नेपाल सरकारका सचिवहरुलाई संविधानको कार्यान्वयन, शान्ति प्रक्रियाका बाँकी कामहरुलाई पूरा गर्ने, पुनर्निर्माण र नव निर्माणलाई विशेष जोड दिने, सार्वजनिक सेवाको प्रभावकारीता र सुशासन कायम गर्ने र संवृद्धि हासिल गर्ने लगायतका विषयहरुमा निर्देशन दिनु भएको छ।

सो अबसरमा सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो पद बहालीको अवसरमा व्यक्त गर्नु भएका **"गरिवका लागि सरकार"** नामक विशेष अभियान संचालन गर्ने, भूकम्प प्रभावित परिवारलाई अनुदानको पहिलो किस्ता आगामी ४५ दिन भित्र वितरण गर्ने, चिकित्सक नपुगेका प्राथमिक स्वास्थ्य केन्द्रहरुमा आगामी ३ महिनाभित्रमा चिकित्सक पठाई सक्ने र नेपालभरका दलित र कर्णाली अंचलका सबै नवजात शिशुको जन्मदर्ता म्यादभित्रै गराउने परिवारलाई प्रोत्साहन स्वरुप रु. एक हजार उपलब्ध गराउने भन्ने निर्देशनको समयमै कार्यान्वयनको लागि विशेष कार्ययोजना सहित तत्परताका साथ लागिपर्न र आधारभूत वस्तु र सेवाको आपूर्ति, यातायात व्यवस्थामा सुधार, सेवा प्रवाहमा द्रुतता र सहज पहुँच, कार्यक्षेत्र तथा जिम्मेवारी अनुरुप स्रोत, साधन र जनशक्तिलाई प्रभावकारी ढंगले परिचालन गर्नको लागि निर्देशन दिनु भएको छ ।

साथै प्रत्येक मन्त्रालय एवं निकायहरुले चालु आर्थिक बर्षभित्र सम्पादन गर्ने कार्यक्रमहरुलाई प्राथमिकता सहितको कार्य योजना तयार गरी तीन दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रुपमा पठाउन समेत निर्देशन दिनु भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

२०७३ साउन २३ गते

२०७३/०४/२३

विनोद वहादुर कुँवर
प्रवक्ता/सहसचिव